आ.व. २०७७/७८ को १० औं बैठक

आज मिति २०७८ साल बैशाख १६ राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन् ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी , राप्ती गाउँकार्यपालिका ।
उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री टेकबहादुर कुमाल, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।
सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।
सदस्य श्री संजिव परियार, राप्ती गाउँ कार्यपालिका ।
सदस्य सचिव श्री शोभाराम रिजाल, राप्ती गाउँ कार्यपालिका ।

आमन्त्रित

श्री धन प्रसाद शर्मा ,लेखा अधिकृत
श्री विश्वास वि.क., शाखा अधिकृत
श्री नारायण राउत , स्वास्थ्य शाखा संयोजक
श्री विकास ज्ञवाली, अधिकृत
श्री बालचन्द्र गुरुङ सुचना प्रविधि अधिकृत
श्री शेर ब हमाल रिजाल पसेप्रा
श्री सुवास भट्टराई , कम्प्युटर अपरेटर
श्री श्यामलाल पोख्रेल १ नं. वडा सदस्य
श्री तिर्थराज ज्ञवाली
श्री मुमाराम भुसाल रोजगार संयोजक
श्री शिवलाल सुवेदी

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मिति २०७८।०१।१६ गते रासी गाउँपालिका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यू को अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरु :

निर्णय नं. १ -भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको लगत संकलनको विषयमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क. आवाद कमोत गरेको जग्गाको प्रकृति सम्बन्धमा

- वडा सहजिकरण समिति मार्फत सो जग्गाकस्तो किसिमको हो जस्तै: साविक वन क्षेत्रहाल आवादीमा परिणत भएको, नदी उकास, जोखिमयुक्त, धार्मिक क्षेत्र आदी कुन क्षेत्र भित्र पर्छ सोही बमोजिम निर्धारण गरी छुट्टाउने ।

ख. जग्गा रहेको स्थानलाई तपशिल बमोजिम वर्गिकरण गर्ने ।

गाउँपालिका केन्द्र	ग्रामिण क्षेत्र	शहरोन्मुख क्षेत्र	शहरी क्षेत्र
लालमटिया देखि मौरीघाट सम्म (६५ नम्वर मा.वि. मौरीघाट जाने वाटो)को हाईवेको दायाँ बायाँ ५०० मिटर क्षेत्र	क) ९ नम्बर वडा सबै । ख) १ र २ नम्बर वडाको पहाडी क्षेत्र सबै ग) ५ नं.वडाको पहाडी क्षेत्र सबै	क) लामो पुल – सिसहनिया – कालापानीको दायाँ बायाँ ३०० मिटर ख) पथ्थरगडवा क्षेत्र ग) माथिल्लो भालुवाङ बजार क्षेत्र घ) चैतेको बजार क्षेत्र	क) भालुवाङ ट्रक व्यवसायी समिति, दखि लालमटिया सम्मको दायाँ बायाँ ५०० मिटर ख) श्रीनारायण चोक देखि सिंगे खोला सम्मको दायाँ बायाँ ५०० मिटर

ग. जनशक्तिको संख्या र पारिश्रामिक निम्न बमोजिम तोक्ने ।

क.सं.	पद	संख्या	मासिक सुविधा	कैफियत
१	सर्वेक्षक	१	२५०००	तोकिएको मासिक सुविधा भन्दा नबढ्ने गरी कार्य दिन गणना वा प्रति फर्म/कित्ता को आधारमा समेतपारिश्रक दन सकिने ।
२	अमिन	३	२२५००	
३	लगत प्रविष्टिकर्ता	३	२००००	

घ. लगत संकलन कार्यमा खटिएका संकलकलाई रु २००० एकमुष्ट खाजा /खाना सुविधा वापत उपलव्ध गराउने ।

शोभाराम रिजाल
प्रमुख प्रशासकिय अधिकृत

निर्णय नं. २ –कोभिड अस्पताल र आईसोलेसन सेन्टरमा खटिने चिकित्सक स्वास्थयकर्मी , एम्बुलेन्स ड्राईभर सरसफाईकर्मीलाई सत प्रतिशत जोखिम भत्ता र क्वारेन्टाईन तथा कोभिड १९ रोग महामारी नियन्त्रण तथा रोकथाम र सोको व्यवस्थापन खटिने स्वास्थ्यकर्मीहरु तथा अन्य कर्मचारीहरुलाई ५०% जोखिम भत्ता तथा यातायात खर्चको व्यवस्था गर्ने । साथै महिला स्वयमसेविका तथा प्रहरीलाई कार्यालयले खटाएको अवस्थामा दैनिक खाजा खर्च वापत २५० दिने ।

निर्णय नं.३ – जिल्ला प्रशासन कार्यालय दाङको मिति २०७८।०१।१४ को सुचनालाई पुर्ण रुपमा कार्यान्वयन गर्ने ।

निर्णय नं. ४- लकडाउन अवधीभर कार्यालयबाट प्रवाह हुने अत्यावश्यक सेवाका लागि कर्मचारीहरुलाई पालो मिलाई उपस्थित गराउने ।

निर्णय नं. ५ .लुम्बीनी प्रदेशको राजधानी क्षेत्र र राप्ती गाउँपालिकाको भालुवाङ्ग क्षेत्र, प्यूठान, अर्घाखाँची, दाङ्ग देउखुरी क्षेत्रबाट समेत छेउमा पर्ने र राजमार्ग क्षेत्र नजिकै पर्ने भएकोले राप्ती गाउँपालिका वडा नं. १ भालुवाङ्गमा रहेको लालमटिया स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी १५० (एक सय पचाँस) बेडको विशेषज्ञ सहितको अस्पतालमा स्तरोन्नती गर्न लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालयमा सिफारिस गर्ने ।

निर्णय नं. ६- आ.व. २०७८/७९ का लागिमा स्थानिय तह र प्रदेश सरकारको लागत साझेदारीमा कार्यान्वयन हुने समपुरक अनुदानका आयोजनाका सन्दर्भमा तपशिल बमोजिमको प्रस्ताव आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने ।

आयोजनाको नाम	कुल लागत अनुमान	प्रदेश को लागत अंश	स्थानीय तहको लागत अंश	
दोलाईखोला – पहरुवा-कालापानी सडक स्तरउन्नती	10,151,830.14	50,00,000.00	50,00,000.00	
रासी चक्रपथ	59,648,613.43	1,00,00,000.00	1,00,00,000.00	

शोभाराम रिजाल
प्रमुख प्रशासकिय अधिकृत

निर्णय नं.७ – आ.व. २०७७/७८ को बजेट शिर्षक: रासी गाउँपालिका पशुपङ्क्षी तथा मत्स्य विकाश शाखा (८०५५६५०६३०५) उपक्षेत्र : पशुपङ्क्षी विकास का निम्नानुसारका कार्यक्रमहरुलाई देहाय बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

क्र.सं.	कार्यक्रमको नाम	स्रोत	रकम	संसोधित कार्यक्रम	कैफियत
१	सहकार्यमा सेक्स सिमेन वितरण	नेपाल सरकार समानिकरण अनुदान	१,००,०००/-	बडिजो क्यांस्टेटर खरिद	
२	व्यावसायिक किसानलाई साईलेज वितरण	संघिय सरकार राजस्व बाँडफाँड	१,००,०००/-	मिनरल तथा भिटामिन खरिद	
३	खोप सेवा सञ्चलन	संघिय सरकार	१,००,०००/-	प्रतिक्षालय	
४ ५	लागत साझेदारीमा बंगुर प्रवर्द्धन कार्यक्रम	आन्तरिक राजस्व	१,००,०००/-	कल जडान तथा विद्युतिकरण	
			१,००,०००/-	जिप्सम र ट्रयाविज निर्माण	
			९५,०००/-	बैठक तथा कार्यक्रम सञ्चालन	

निर्णय नं. ८- लालमटिया देखि खुरुरिया चोक जाने सडक स्तरउन्नती रासी गाउँपालिका वडा नं. २ र ३ ठेक्का नं. (RRM /NCB/W/02/2077/078) कार्यको ४१.५५% हुने गरी Variation Order स्विकृत गर्ने ।

निर्णय नं. ९- यस आ.ब. ०७७७८ मा सम्पन्न गर्नु पर्ने तपशिल बमोजिमका योजनाहरुमा लागत अनुमान अनुसार बजेट नपुग हुने हुदा, आन्तरीक श्रोत बाट मिलान हुने गरी लागत अनुमान स्विकृत गर्ने तथा त्यसै अनुमान अनुसार टेन्डर आह्वान गर्ने, निर्णय गरीयो ।

तपशिल

क्र.सं.	योजनाको नाम	लागत अनुमान	बिनियोजित बजेट रकम	कैफियत
१	आधारभुत स्वास्थ्य क्लिनिक वडा नं. ६	1,078,867.05	600000.00	
२	सौगात महिला भवन वडा नं.-७	1,390,541.41	1000000.00	
३	कोसेली घर निर्माण	1,252,537.85	1000000.00	
४	पाखोबारी सिचाई योजाना (१) वडा नं.-२	1,326,649.36	1000000.00	
५	पाखोबारी सिचाई योजाना (१) वडा नं.-२	1,897,898.45	1500000.00	

शोभाराम रिजाल
प्रमुख प्रशासकिय अधिकृत

५

निर्णय नं. १० – पशु पङ्क्षी खरिद बिक्रीका लागि जिल्ला दररेट नभएकोले राप्ती गाउँपालिकामा स्थानीयस्तरको खरिद बिक्रीलाई आधार मानी देहाय बमोजिमको दररेट तोक्ने गर्ने निर्णय गरियो ।

क्र.सं.	विवरण	मुल्य दर प्रति कि.ग्रा.	कैफियत
१	स्थानीय प्रजनन योग्य बाख्रा	रु ४५०/-	
२	स्थानीय प्रजनन योग्य बोका	रु ६५०/-	
३	५०% बोयर बोका	रु १२५०/-	
४	७५% बोयर बोका	रु १५००/-	
	बंगुर पाठा/पाठी (३ महिना)	रु ६०००/-	
	प्रजनन योग्य बंगुर (३०० किग्रा)	रु ३००/-	

शोभाराम रिजाल
प्रमुख प्रशासकिय अधिकृत